बैठक संख्या: ४७

आज मिति २०८२/०२/२४ गते शनिबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगरकार्यपालिकाको ४७ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिंह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वास्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेव विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

CamScanner

आमन्त्रित

| क.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |
| २. | राजु पराजुली | सहायकस्तर चौथो | |

## निर्णय नं. ७८७

त्रियुगा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जनप्रतिनिधिहरूको "अन्तरपालिका अनुगमन भ्रमण" कार्यक्रम शीर्षकमा मिति २०८२/०२/१० गतेदेखि १५ गतेसम्म लुम्बिनी प्रदेशको स्थानीय तह बुटवल उपमहानगरपालिका, रूपन्देही, यसै उपमहानगरपालिकास्थित श्री कालिका मानवज्ञान माध्यमिक विद्यालय, सुदुरपश्चिम प्रदेशको धनगढी उपमहानगरपालिका, कैलाली, सोही प्रदेशको भीमदत्त नगरपालिका र छिमेकी मुलक भारतको उत्तराखण्डस्थित पर्यटकीयस्थल नैनीताल र धार्मिकस्थल कैंचिधाम समेतको भ्रमण सम्पन्न भयो। सो भ्रमणको क्रममा त्रियुगा नगरपालिका र माथि उल्लेखित स्थानीय तहहरूबीच असल अभ्यासको अनुभव आदानप्रदान भयो। यस नगरपालिकाको भ्रमण दलले ती स्थानीय तहहरू र उत्कृष्ट विद्यालय श्री कालिका मानवज्ञानका प्रशासनिक, भौतिक, सामाजिक, सांस्कृतिक लगायतका पक्षहरूको अवलोकन भयो। यस नगरपालिकाको भ्रमण दलको नेतृत्व गर्नुहुने प्रमुख श्री बसन्त कुमार बस्नेत, उपप्रमुख श्री महेश्वरी राई लगायत वडा अध्यक्षहरू र कार्यपालिका सदस्यहरू एवम् कर्मचारीहरूलाई न्यानो आतिथ्यता प्रदान गर्नुहुने माथि उल्लिखित स्थानीय तहहरूका पदाधिकारीहरू एवम् कर्मचारीप्रति हार्दिक धन्यवाद प्रकट गर्ने। साथै, यस भ्रमणको क्रममा आर्थिक वर्ष २०८१/०८२ को लागि विनियोजित बजेट शीर्षकबाट खर्च भएको जम्मा ७,३०,२६४.७५ (अक्षरेपी सात लाख तीस हजार दुई सय चौसट्ठी रूपैयाँ पचहत्तर पैसा मात्र।) अनुमोदन गर्ने।

## निर्णय नं. ७८८

यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ मा नगर कार्यपालिका र मातहतका कार्यलयहरूमा कार्यरत कर्मचारीहरूको बाँकी महिनाको पारिश्रमिक सुनिश्चित गर्न नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेटको परीधीभित्र रही देहाय बमोजिम केही कार्यक्रम शीर्षकबाट रकमान्तर गर्नेः-

रकमान्तर

घटाउने

| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१११४०३१०४ | बिमा तथा नविकरण खर्च | २२२१४ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | ५००,०००.०० | |
| २ | ८०१११४०३१०४ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार | २२२३१ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | ५००,०००.०० | |
| ३ | ८०१११४०३१०४ | कर्मचारी तालिम खर्च | २२५११ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | २००,०००.०० | |
| ४ | ८०१११४०३१०४ | कार्यक्रम खर्च | २२५२२ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | ४००,०००.०० | |
| ५ | ८०१११४०३१०४ | सुचना प्रणाली तथा सफ्टवेयर खर्च | २२४१२ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | ४००,०००.०० | |
| | | जम्मा | | | | | | २,०००,०००.०० | |

२१२४

बढाउने

| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१११४०३१०४ | कर्मचारी पारिश्रमिक | २११११ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | ५००,०००.०० | |
| २ | ८०१११४०३१०४ | प्राविधिक कर्मचारीको फिल्ड भत्ता | २११३३ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | १,३००,०००.०० | |
| ३ | ८०१११४०३१०४ | अन्य सामाजिक सहायता | २७२१९ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड | नगद | २००,०००.०० | |
| | जम्मा | | | | | | | २,०००,०००.०० | |

घटाउने

| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१११४०३१०२ | कर्मचारी कल्याण कोष | २१२१४ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ३,२००,०००.०० | |
| २ | | मा.वि.आ.वि. शिक्षक तलब | २२४१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १,०००,०००.०० | |
| ३ | | सेवा परामर्श खर्च | २२४११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १,०००,०००.०० | |
| | जम्मा | | | | | | | ५,२००,०००.०० | |

बढाउने

| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१११४०३१०४ | करार सेवा शुल्क | २२४१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५,२००,०००.०० | |
| | जम्मा | | | | | | | ५,२००,०००.०० | |

| | | | | घटाउने | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम /आयोजना /क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/ तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
| १ | ८०१११४०३१३३ | ज्यालादारी तलब | २२४१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २००,०००.०० | |
| २ | | अनुगमन मुल्याङ्कन खर्च | २२६११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १००,०००.०० | |
| | जम्मा | | | | | | | ३००,०००.०० | |

| | | | | बढाउने | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको श्रोत/ तह | प्रासिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
| १ | ८०१११४०३१३३ | मालपोत कार्यलयको व्यवस्थापन खर्च | २२५२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ३००,०००.०० | |
| | जम्मा | | | | | | | ३००,०००.०० | |

निर्णय नं. ७८९

त्रियुगा नगरपालिकाको ४५ औं बैठकको निर्णयानुसार गठित त्रियुगा नगरपालिकाको "नगर लोगो डिजाईन अध्ययन तथा छनौट" समितिले प्रस्तावित लोगो डिजाईनहरूको मूल्याङ्कन गर्दै उत्कृष्ट ठहरिएका देहाय बमोजिमका नगर लोगोहरू नगर कार्यपालिकाको बैठकको स्वीकृतिको लागि अनुरोध गरेको:-

| क.सं. | लोगो डिजाईन प्रस्तावकको नाम | प्रस्तावकको ठेगाना | कोड | कुल प्राप्ताङ्क | औषत प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | खाँडादेवी प्रिन्ट सोलुसन | त्रियुगा नगरपालिका- ११, उदयपुर | TNP-९४६-ZWYL | ११.०० (एघार मात्र) | ३.६७ | अनुमोदन |
| २. | टंक बहादुर आले मगर | त्रियुगा नगरपालिका- ११, उदयपुर | TNP-४१५-YRTL | १०.७५ (दश दशमलव सात पाँच मात्र) | ३.४८ | |

नगर लोगो डिजाईन अध्ययन तथा छनौट समितिबाट सिफारिस भएका उत्कृष्ट दुई लोगोहरू सम्वन्धमा सम्बन्धित लोगो डिजाईनरहरूले गरेको व्याख्यात्मक टिप्पणी समेत अवगत भयो। सिफारिस भएका दुई लोगो डिजाईनहरूमध्ये श्री खाँडादेवी प्रिन्ट सोलुसन, त्रियुगा नगरपालिका-११ ले पेश गरेको ड़िजाइन सूचनामा उल्लेखित मापदण्डका आधारमा उत्कृष्ट ठहर भएकोले उक्त लोगोलाई यस नगरको लोगोको रूपमा स्वीकृति दिई आगामी नगर सभाबाट अनुमोदनको लागि पेश गर्ने।

निर्णय ७९०

त्रियुगा नगरपालिकाको चालु आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम नगरस्तरीय/वडास्तरीय योजना तथा कार्यक्रमहरू देहाय बमोजिम कायम गरी त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर सभामा अनुमोदनको लागि पेश गर्ने गरी संशोधन गर्ने:-

१.नगरस्तरीय योजना

| सि.नं. | साविकको कार्यक्रम तथा योजना | बजेट रु. | संशोधित कार्यक्रम तथा योजना | बजेट रु. |
|---|---|---|---|---|
| १ | वडा नं. १ पहिलो तला निर्माण शिर्षकबाट बाँकी भएको रकम | १४००००० | हाईम्याक्स लाईट खरिद | १०००००० |
| | | | वडा नं. १० स्थित खसी बजारमा ब्लक लगाउने र हाईम्याक्स लाईट खरिद र खुला जिमशाला निर्माण | ४००००० |
| २ | स्व. लोक बहादुर स्मृति उदयपुर गोल्डकप | १४८३००० | त्रियुगा नगरपालिका वडा नं. १३ स्थित उदयपुर थरूहट रंगशालाको पर्खाल सहितको घेराबेरा | १०००००० |
| | | | अभरमा नगर | ३००००० |
| ३ | गाईघाट दिक्तेल सडक योजनाको पूर्वतर्फ केशव बस्नेतको जग्गा हुँदै रन्जना खड्का, शंकर कार्कीको जग्गासम्म बाटो स्तरोन्नती | ५००००० | त्रियुगा नगरपालिका वडा नं. १० मा रहेको चम्पापुर चोकमा ब्लक लगाउने | ६००००० |
| | वडा नं.१० मा पार्क निर्माण | १००००० | | |
| ४ | एम्बुलेन्स खरिद | १५००००० | विपद् व्यवस्थापन कोष | १५००००० |
| ५ | जनप्रतिनिधि तथा कर्मचारी अन्तरपालिका अनुभव आदानप्रदान तथा भ्रमण कार्यक्रम | ६००००० | अन्तर मावि तेस्रो मेयर शिल्ड | २००००० |

२.वडास्तरीय योजना

| वडा कार्यालय | साविकको कार्यक्रम तथा योजना | विनियोजित बजेट रु. | संशोधित कार्यक्रम तथा योजना | संशोधित बजेट रू. |
|---|---|---|---|---|
| वडा नं.१ | वडा कार्यालय बुकलेट निर्माण | ५०००० | १ नं. वडा कार्यालय A/C खरिद | ८०००० |
| | | | | |
| | ऐलानी जग्गा व्यवस्थापन | ३०००० | | |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ५ | सुक्लाहीको शिव मन्दिर घेरावेरा | ५०००० | दमौती शिधेचौरी फुटवल खेलमैदानमा ~~घेराबार मर्म~~ पोल खरिद | २५००० |
| | | | जनता मा.वि. दमौतीमा खानेपानी मोटर खरिद | २५००० |
| वडा नं. ६ | खटारे टोलमा ग्राभेल र ह्युमपाईप निर्माण | ५०००० | वडाका सडकहरुमा खाल्डा पुर्न ग्राभेल | ~~२०००००~~ २५०००० |
| | लालपत्ता चोकदेखि खोलामा ह्युमपाईप | ४०००० | | |
| | शान्तिनगर सिँचाई बोरिङ्ग जडान | १५०००० | | |
| | सामुदायिक जिम हल मर्मत | ५०००० | जिम हल देउरी सामाग्री खरिद तथा मर्मत | ५०००० |
| | वडा अध्यक्ष कप सञ्चालन | १००००० | खेलकुद सामाग्री खरिद | १००००० |
| वडा नं. १० | सिमलटार नाला निर्माण | ६०००० | खेलमैदान घेराबारा | ३६०००० |
| | तेस्रो वडा अध्यक्ष गोल्ड कप | ३००००० | | |
| | विद्युत् पोल स्थानान्तरण | ४०००० | रौतेनी डाँडामा सुक्खा नाली निर्माण | ४०००० |
| वडा नं. ११ | प्रगति टोल नवीन कटुवालको घर हुँदै नाला निर्माण (सडक पूर्वाधार) | २५०००० | शान्ति सुरक्षा टोल विकास अन्तर्गतका परमेश्वर घिमिरेको घरदेखि घमानसिंह खत्रीको घरसम्म बाटो ढलान | २५०००० |
| | रामचन्द्र बस्नेतको घर जाने बाटो अधुरो नाली निर्माण (सडक पूर्वाधार) | १५०००० | विशालनगर टोल अनमिका थापाको घरदेखि कुमार खड्काको घर जाने बाटो ढलान तथा ग्रावेल | १५०००० |
| | देवराज कटुवालको घरदेखि रेवती रमणको घरसम्म ब्लक बिछाउने कार्य | ४००००० | ब्लकको ठाउँमा प्रिमिक्स गर्ने | |
| वडा नं. १२ | साझेदारी तथा लागत सहभागिता कार्यक्रम | ३५०००० | गाउँ ब्लक जग्गा व्यवस्थापन | ५०००० |
| वडा नं. १५ | विपद् व्यवस्थापन | १००००० | आधारभूत विद्यालय तथा विपद् पीडित विपन्न परिवारको लागि जस्तापाता खरिद तथा वितरण | २००००० |
| | कृषि टहरो निर्माण हुवास | १००००० | | |

CamScanner

निर्णय नं. ७९१

नेपाल नगरपालिका संघको च.नं. ३५-२०८१/०८२, मिति २०८१/०५/२१ मा प्राप्त पत्रानुसार उक्त संघको काठमाडौंमा सम्पन्न आठौं राष्ट्रिय अधिवेशनबाट निर्धारण गरे बमोजिम यस नगरपालिकाले आ.व. २०८१/०८२ सम्मको सदस्यता नवीकरण शुल्क बापतको रकम २५,००० (अक्षरेपी पच्चिस हजार रुपैयाँ मात्र) भुक्तानी गर्ने।

निर्णय नं. ७९२

विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना मार्फत यस त्रियुगा नगरपालिकामा संचालित सडक स्तरोन्नती आयोजनाहरु **Contract ID: NP-DUDBC-401454-CW-RFB, Package 1: Different interconnected road within Triyuga Municipality** र **Contract ID: NP-DUDBC-401455-CW-RFB, Package 2: Upgradation of Sagarmatha Agriculture Bazar West to South Madan Bhandari Hall to Janpremi Tole Bisanpur Ward 12 Road** निर्माण कार्यको लागि त्रियुगा नगरपालिका र आशिष-आशिर्वाद-स्वामीनारायण जेभि बिचमा मिति २०८०।१२।३० (२०२४ अप्रिल १२) मा सम्झौता भै कार्यादेश दिईएको र निर्माण कार्य सम्पन्न गर्न पर्ने अन्तिम मिति २०८२।०३।१८ (२०२५ जुलाई २) सम्म भएकोमा हालसम्मको कार्य प्रगति हेर्दा अन्तिम म्यादसम्म ८० प्रतिशत भौतिक प्रगति हुन सक्ने तर म्यादभित्र कार्य सम्पन्न हुने अवस्था प्राविधिक आँकलनबाट नदेखिएको हुँदा आयोजनाको कार्य सम्पन्न गराउने सम्बन्धमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालयसँग समन्वय गर्दा विगतमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका विभिन्न योजनाहरु तथा परामर्शदाताको ठेक्का सम्झौता बमोजिम म्याद सकिनु पूर्व नै समयमा म्याद थपको प्रक्रिया शुरु गरी ठेक्का सम्झौताको म्याद थप गर्ने प्रक्रिया टुङ्गयाई म्याद थप गरी सोको जानकारी दिन पर्ने भन्ने जानकारी प्राप्त भएको। उल्लेखित आयोजनाहरुको निर्माण व्यवसायीबाट मिति २०८२।०२।२२ गते म्यादथपको लागि निबेदन प्राप्त भएको र आयोजनाको Design and Supervision Consultant (DSC) BOTEK-GOEC JV Kathmandu बाट पनि उक्त आयोजनाहरुको म्याद थप गर्न सिफारिश भई आएको हुँदा नगरपालिकाको Focal Engineer को राय सिफारिस समेतको आधारमा नगरपालिका र निर्माण व्यवसायीबीच भएको सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार निर्माण व्यवसायी आशिष-आशिर्वाद-स्वामीनारायण जेभिबाट उल्लेखित दुवै आयोजनाहरुको म्याद थपको लागि आवश्यक पर्ने कार्य सम्पादन जमानत रकम र बिमा कार्य समेतको म्याद थप गरी पेश भई आएमा संशोधित कार्यतालिका लिई ३१ डिसेम्बर २०२५ सम्म दुवै आयोजनाहरुको म्याद थप गर्ने।

निर्णय नं. ७९३

शहरी विकास तथा भवन निर्माण विभाग, नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बबरमहल काठमाडौंको च.नं.२८३ मिति २०८२/०१/०४ गतेको पत्रानुसार प्रस्तावित उपआयोजनाहरुको DETAILED PROJECT REPORT (DPR) तथा ENVIRONMENT AND SOCIAL MPACT ASSESSMENT सम्बन्धी यस नगरपालिकामा तपसिलका आयोजनाहरुको DETAILED PROJECT REPORT (DPR) तथा ENVIRONMENT AND SOCIAL IMPACT ASSESSMENT PLAN (ESIA / ESMP) तयार गर्न PROJECT BANK बनाएर PROJECT

DOCUMENT तथा आवश्यक कागजातहरु आयोजना समन्वय कार्यालय बबरमहल पठाउने निर्णय मिति २०८२/१/८ गते नगर समन्वय समितिको निर्णय अनुसार हाल नगरपालिकामा कार्यरत DESIGN SUPERVISION CONSULTANT (DSC) BOTEK-GOEC JV KATHMANDU लाई DPR तथा ESIA/ESMP बनाईदिन अनुरोध गर्ने।

तपसिल

१. दनुवार चोकबाट वडा कार्यालय त्रि.न.पा. १३
२. देउरी बजारबाट श्रीपुर खानेपानी ट्याङ्कीसम्म त्रि.न.पा.५ र देउरी चौधरी टोल सडक त्रि.न.पा.५
३. मोतिगडा चौधरी टोलबाट वडा कार्यालय सम्म त्रि.न.पा.३
४. जलजले बजार सडक त्रि.न.पा. ६
५. भुल्के रिङ्गरोड सडक त्रि.न.पा. ३
६. बगाहा सालघारीबाट खानेपानी ट्याङ्कीसम्म दमौती मार्ग त्रि.न.पा. ४
७. गाईघाट फत्तेपुर सडक दक्षिण रौतारानी विद्यालयदेखि काफ्ले टोल हुदै खैजनपुर वरगाछी टोल लुंहाले खोलासम्म त्रि.न.पा. २

निर्णय नं. ७९४

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सहायकस्तर प्रथम तह, कार्यालय सहयोगी पदमा कामकाज गर्दै आएका देहायबमोजिमका कर्मचारीहरु स्थानीय स्वायत्त शासन नियमावली २०५६ (तेस्रो संशोधन २०६३) को नियम २१३ (क) बमोजिम पदपूर्ती समितिको सिफारिस एवं नगरपालिकाको मिति २०६३/११/०१ गतेको निर्णयानुसार ऐ. नियमावलीको नियम २१६ (१) बमोजिम सहायकस्तर प्रथम तह, पियन पदमा स्थायी नियुक्ति गरिएका र यस नगरपालिकाको विभिन्न मितिको निर्णयानुसार स्तरवृद्धि गरी तृतीयस्तर कायम गरिएको। साथै, तत्कालिन गाउँ विकास समिति खाँबुको मिति २०६४/०५/०५ को निर्णयानुसार स्थायी नियुक्ति भई मिति २०७५/०९/०३ गते त्रियुगा नगरपालिकाको कार्यालय, गाईघाटमा समायोजन भएका श्री राम कुमार मगरको हालसम्म पनि कार्यालयले प्रचलित कानून बमोजिम स्तरवृद्धि गरेको नदेखिएको। कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा समेत श्रेणी विहीन कर्मचारीहरूको स्तरवृद्धि सम्बन्धमा स्पष्टता नदेखिएकोले हुनाले यस ऐनमा व्यवस्था नभएका विषयमा सो ऐनको दफा १५३ मा यस ऐन र यो ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुने उल्लेख गरिएको हुनाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम नियुक्त भई अविच्छिन्न रुपमा सेवारत कर्मचारीहरुलाई साविकको नियम कानून अनुसार वृत्तिविकासको अवसर दिन पर्ने देखिएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २४घ२. को उपदफा (३) खण्ड (ग) मा पन्ध्र वर्ष वा सो भन्दा बढी तर बीस वर्ष भन्दा कम सेवा अवधि भएका श्रेणीविहिन कर्मचारीहरुलाई चतुर्थस्तरमा स्तरवृद्धि गर्ने व्यवस्था भए अनुसार तपसिलका कर्मचारीहरूको तपसिल बमोजिम हुने गरी स्तरवृद्धि गर्नेः-

तपसिल

| क्र.स. | नाम/थर | हालको स्तर | स्थायी नियुक्ति मिति | स्तरवृद्धि पछिको स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री कृष्णा कुमारी काफ्ले | तृतीयस्तर | २०६३/११/०१ | चतुर्थस्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | श्री बसन्त कुमार खड्का | तृतीयस्तर | २०६३/११/०१ | चतुर्थस्तर | |
| ३. | श्री पदम बहादुर दनुवार | तृतीयस्तर | २०६३/११/०१ | चतुर्थस्तर | |
| ४. | श्री दिलिप कुमार श्रेष्ठ | तृतीयस्तर | २०६३/११/०१ | चतुर्थस्तर | |
| ५. | श्री राम कुमार मगर | प्रथमस्तर | २०६४/०५/०५ | चतुर्थस्तर | |

**निर्णय नं. ७९५**

नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु, घरेलु तथा साना उद्योग विभागबाट चालु आ.व.०८१/०८२ को लागि स्थानीय तह लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग लक्षित वर्ग तथा अन्य वर्गको लागि सीप विकास तथा प्रविधि सहयोग अन्तर्गत रू. २५००००० । (पच्चिस लाख) कोष तथा लेखा नियन्त्रण कार्यालय उदयपुरवाट अख्तियारी तथा रकमान्तर भएको बजेट मध्ये लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम निर्देशिका २०८१ को दफा १३ को उपदफा (१) मा तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई उद्योग स्थापना सञ्चालन र विस्तार गर्न आवश्यक प्रविधि सहयोग गर्न स्थानीय तहले हस्तान्तरण गर्नु पर्ने व्यवस्था उल्लेख भए अनुसार कार्यपालिकाको मिति २०८१/१२/२९ गतेको निर्णय अनुसार प्रविधि सहयोग हस्तान्तरण शीर्षक अन्तर्गत विनियोजन भएको रू. १२,००,०००।-बाट तालिमका सहभागीहरुसँग प्रविधि हस्तान्तरण आवश्यकता पहिचान गरी मागमा आधारित प्रविधि सहयोग कार्यक्रम कार्यान्वयन गर्न मिति २०८२/०२/२० गते नगर प्रमुखस्तरबाट भएको तपसिल बमोजिम बजेट विनियोजन गरी नियमानुसार प्रविधि सहयोग सामाग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय अनुमोदन गर्ने।

**तपसिल**

| सि.नं. | प्रविधि सहयोग सामाग्री विवरण | विनियोजन रकम |
|---|---|---|
| १. | सिलाई कटाई प्रविधि सहयोग समाग्री | ५०००००।- |
| २. | व्यूटी पार्लर प्रविधि सहयोग सामाग्री | ३४००००।- |
| ३. | ढाका तथा खाँडी कपडा वुनाई प्रविधि सहयोग | ३६००००।- |

**निर्णय नं. ७९६**

त्रियुगा नगरपालिका वडा नं. १३ को कार्यालयबाट सोही वडास्थित सगरमाथा कृषि बजारमा अवस्थित प्रहरी विटलाई मदन भण्डारी राजमार्गमा पर्ने बहेर्वा सामुदायिक वनको भवन वा शहिद पार्क (निजामती पार्क) परिसरमा स्थानान्तरण गरिदिन सिफारिससाथ अनुरोध भएकोमा उक्त प्रहरी विटलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने व्यवस्थाको लागि जिल्ला प्रहरी कार्यालय उदयपुरलाई अनुरोध गर्ने।

**निर्णय नं. ७९७**

जिल्ला अस्पताल उदयपुरको ICU मा उपकरण व्यवस्थापन गर्न लायन्स क्लव ईन्टरनेशनललाई प्रस्ताव पठाएको अनुसार अमेरिकी डलर एक लाख बराबरको प्रस्ताव स्वीकृत भएको जानकारी सहित सो परियोजना कार्यान्वयन गर्न लायन्स क्लव फाउन्डेसनको प्रक्रिया अनुसार कुल स्वीकृत परियोजना रकमको लागि म्याचिङ फण्ड बापतको रकम अमेरिकी डलर ३३,५५४ अग्रीम रूपमा जम्मा गर्न लेखी आएकोमा सहमति बमोजिम व्यहोर्नु पर्ने साझेदारी

CamScanner

(म्याचिङ) रकम मध्ये जिल्ला अस्पताल विकास समिति र त्रियुगा नगरपालिकाले आधा/आधा रकम व्यहोर्नु पर्ने भएको हुँदा अमेरिकी डलर १६,७७७ बराबरको नेपाली रुपैया २२,९६,१००।- (अक्षेरपी बाइस लाख छयान्ब्बे एक सय रूपैयाँ मात्र) सिटिजन्स बैंक ईन्टरनेशनल कमलादी शाखामा Upgradation of ICU at Udayapur District Hospital नाममा खोलेको चालु खाता नं 0850100000362201 मा नगर विकास योजना अनुसार चालु आर्थिक वर्षमा विनियोजित रकम मध्ये खर्च नभएको रकम शीर्षक नयाँ प्रशासनिक भवन फर्निचर फर्निसिङ, ब्यूटीफिकेसन, प्रदेश समानीकरण अनुदानबाट रकमान्तर गरी जम्मा गर्ने।

विविध निर्णयहरु:

विविध १

त्रियुगा नगरपालिकाका विभिन्न नदी तथा खोलाबाट चालु आर्थिक वर्ष २०८१।८२ मा बालुवा, गिटी लगायतका नदिजन्य पदार्थ चोरी निकासी गर्ने ट्याक्टर लगायतका साधनहरू नगर प्रहरी र कर संकलक टोलीले नियन्त्रणमा लिई राजश्व शाखाबाट ११ लाख रुपैयाँ बराबरको जरिवाना गरिएको छ। नदिजन्य पदार्थ चोरी निकासी नियन्त्रण जस्तो जोखिमपूर्ण कार्यमा खटिएका जनशक्तिलाई प्रोत्साहन गर्न जरिवानाबाट सङ्कलित रकमको २० प्रतिशतले हुन आउने रकम पुरस्कार स्वरुप नगर प्रहरी तथा राजश्व चुहावट नियन्त्रण गर्न खटिने कर्मचारीलाई प्रदान गर्ने।

विविध २

स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, विराटनगरको मिति २०८२/०२/१९ गतेको प्राप्त पत्रानुसार आ.व.२०८१/८२ मा स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखामा आईरन फोलिक एसिड चक्की खरिदका लागि बजेट व्यवस्थापन नभएको र प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रमा समेत चालु आर्थिक वर्षमा औषधि खरिदका लागि बजेटको व्यवस्था नभएकाले आवश्यक औषधि सम्बन्धित स्थानीय तहबाट व्यवस्थापन गरी वितरण गर्नहुन भनी परिपत्र भएको हुँदा चालु आर्थिक वर्षको असार महिना र आगामी आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिक सम्मको लागि किशोरी र गर्भवती महिलाको लागि वितरण गरिने आईरन फोलिक एसिड चक्की खरिद गर्नका लागि आ.व.२०८१/८२ मा सिलबन्दी दरभाउ पत्रबाट औषधी खरिद गरी बाँकी हुन आएको नेपाल सरकार समानिकरण अनुदानतर्फ औषधि तथा औषधिजन्य सामाग्री खरिद शीर्षकबाट रू. एक लाख बाराबरको आईरन फोलिक एसिड चक्की खरिद गरी स्वास्थ्य संस्था र विद्यालयमा वितरण गर्ने।

विविध ३

यस नगरपालिकाले गणेश सप्लायर्स एण्ड ट्रेडर्स, त्रियुगा नगरपालिका-११, गाईघाटबाट मिति २०७९/०३/०७ गतेका दिन नगरपालिकाको ब्याक-हो-लोडर र ट्रकको टायर फेर्नको लागि लागि खरिद गरेको एमआरएफ टायर थान ५ (पाँच) वटा र मिति २०७९/१०/१७ गतेका दिन नगरपालिकाको मिनि ट्रकको टायर फेर्नको लगि खरिद गरेको टायर थान १ (एक) समेतको भ्याटसमेतको रकम रू.७५,०२४ (अक्षेरूपी पचहत्तर हजार चौविस रूपैयाँ मात्र) आवश्यक कागजातहरू हेरी भुक्तानी दिने।

विविध ४

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/११/१६ गतेको बैठकको निर्णय नं. ५९७ बमोजिम कार्यस्थलमा ज्यान गुमाएका नगरपालिकामा कार्यरत ईलेक्ट्रिशियन कर्मचारी युवराज राईको सन्ततीलाई निजहरूको अध्ययनमा लाग्ने वार्षिक रकमको ५०% (पचास प्रतिशत) अध्ययन सहयोग उपलब्ध गराउने निर्णय भएकोमा सो रकम यस कार्यालयको छात्रावृत्ति कोष शीर्षकबाट भुक्तानी गर्ने।

विविध ५

त्रियुगा नगरपालिका वडा नं. १३ स्थित बरूवा नदी बाँधको किनारामा रहेको अव्यवस्थित एवम् अवैधानिक बस्तीमा वसोबास गर्दै आइरहेका घर टहराहरू हटाउने।

CamScanner